# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## पाँचपोखरी थाङ्पाल गाउँपालिका, सिन्धुपाल्चोक

## आर्थिक वर्ष २०७५।७६

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं

***Serving the Nation***
***and***
***the People***

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

## (बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या : २०७६/७७ मिति : २०७६/०३/२७
च.नं : ७७७

श्री पाँचपोखरी थाङ्पाल गाउँपालिका,
सिन्धुपाल्चोक ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यापालिकाको आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण एने, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(बामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखा परीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७५।७६ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



**टंकमणि शर्मा, दंगाल**
**महालेखापरीक्षक**

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन, नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जूमा एबं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न भएपश्चात् जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरी राय सहितको अन्तीम प्रतिवेदनजारी गरिएको छ । प्रतिबेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययीता, दक्षता र प्रभावकारीता आउने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रर्बद्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ सङ्कलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात् बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्याधिक प्रशासनिक खर्च गरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रबृति देखिएका छन । विकास निर्माणतर्फ योजना प्राथामिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् । स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गत विगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारबाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय ब्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २७ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

## (बाग्मती तथा गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या: ०७६।७७
च.नं.८२३ मिति: २०७७/०३/२५
श्री प्रमुखज्यू,
पाँचपोखरी थाङ्पाल गाउँपालिका,
सिन्धुपाल्चोक ।

**विषय: लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय :** हामीले पाँचपोखरी थाङ्पाल गाउँपालिकाको २०७५।७६ को बित्तीय विवरण र त्यससङ्ग सम्बन्धित आयव्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको रायव्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको २०७५।७६ को बित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार :**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट ४ करोड ३ लाख ४० हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. १५ लाख १३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने ३ करोड ३९ लाख ८३ हजार नियमित गर्नुपर्ने रु. १७ लाख २४ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएकाव्यहोराहरुका सम्बन्धमा मिति २०७६।०६।२३ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना २१ (एक्काईस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन । हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउ कार्यकारिणी, गाउँ प्रमूख र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(बामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक

**परिचय :** स्थानीय नेतृत्वकोविकास गर्दै स्थानीय शासनपद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँ पालिकाको उद्देश्य रहेको छ । यस पालिका अर्न्तगत ८वडा, ४४जना गाउँसभा सदस्य, ४३६वर्ग किलोमिटर क्षेत्रफल तथा २०,९८६ जनसंख्या रहेको छ ।

**स्थानीय संचित कोषः** आर्थिक वर्ष २०७५/७६ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ :

पाँचपोखरी थाङ्गपाल गाउँपालिका, थाङ्गपालधाप, सिन्धुपाल्चोक

एकीकृत आय व्यय विवरण

आ.व. २०७५/०७६

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | १३,९२७,६८२.२२ | १ | **चालु खर्च** | | १९७,११०,८४६.४० |
| | क) नगद | ०.०० | | | आन्तरिक आय | ८,५८०,०८०.१० | |
| | ख) बैंक | १३,९२७,६८२.२२ | | | नेपाल सरकार सशर्त अनुदान | ७१,२०९,३५७.३० | |
| | ग) धरौटी | ०.०० | | | प्रदेश सरकार सशर्त अनुदान | ६,५६९,९१८.०० | |
| | घ) विभिन्न कोषतर्फको मौज्दात | | | | संघीय राजस्व बाँडफाँड | ६१,५६८,०००.०० | |
| | | | | | सामाजिक सुरक्षा | ४५,१७०,५२५.०० | |
| २ | **राजस्व (आन्तरिक आय)** | | ७०,७८२,२९५.७५ | | पर्यटन बोर्ड | २७७,६४१.०० | |
| | क) आन्तरिक आय राजस्व | ५,३४०,३५३.१० | | | एल.जी.सी.डी.पी. | ३०५,०००.०० | |
| | ख) राजस्व बाँडफाँड सँघ | ६१,५६८,०००.०० | | | गरीवसँग विशेश्वर | १९४,०००.०० | |
| | ख) राजस्व बाँडफाँड प्रदेश | ०.०० | | | प्रधानमन्त्री रोजगार कार्यक्रम | २३६,३२५.०० | |
| | ग) अन्य विविध आय | ३,८७३,९४२.६५ | | | विद्यालय क्षेत्र विकास कार्यक्रम | ३,०००,०००.०० | |
| | **वित्तीय हस्तान्तरण** | | २५०,१८०,०००.०० | २ | **पूँजीगत खर्च** | | २०५,९४९,३७२.३४ |
| | क) वित्तीय समानीकरण अनुदान | ११६,६००,०००.०० | | | आन्तरिक आय | ०.०० | |
| | ख) सशर्त अनुदान | १०६,१००,०००.०० | | | समानीकरण अनुदान | १०१,९२९,६४८.८२ | |
| | ग) समपूरक अनुदान | ०.०० | | | नेपाल सरकार सशर्त अनुदान | २९,६००,४६२.५२ | |
| | घ) विशेष अनुदान | २७,४८०,०००.०० | | | प्रदेश सरकार सशर्त अनुदान | ७,४५९,५३९.०० | |
| | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | ८६,८२१,०००.०० | | संघीय सरकार विशेष अनुदान | ११,०८७,५७३.०० | |
| | क) वित्तीय समानीकरण अनुदान | ७,६४१,०००.०० | | | प्रदेश सरकार विशेष अनुदान | ३६,९६८,८१५.०० | |
| | ख) सशर्त अनुदान | २९,१८०,०००.०० | | | प्रदेश सरकार समानीकरण अनुदान | ७,६४१,०००.०० | |
| ३ | ग) समपूरक अनुदान | ०.०० | | | प्रधानमन्त्री रोजगार कार्यक्रम | २,९३०,०९१.०० | |
| | घ) विशेष अनुदान | ५०,०००,०००.०० | | | गरीवसँग विशेश्वर | २००,०००.०० | |
| | **अन्तर स्थानीय तहबाट प्राप्त** | ०.०० | | | झोलुङ्गेपुल | १,०७३,२८९.०० | |
| | **वित्तीय व्यवस्था प्राप्ति** | | | | विद्यालय क्षेत्र विकास कार्यक्रम | ३,१८८,६५४.०० | |
| | क) ऋण प्राप्ति | ०.०० | | | निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रम | ३,८७०,३००.०० | |
| ४ | ख) साँवा प्राप्ति | ०.०० | | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | | ०.०० |
| | ग) ब्याज प्राप्ति | ०.०० | | | क) ऋण भुक्तानी | ०.०० | |
| | **विभिन्न कोषतर्फको आय** | ३,४७१,४३७.५० | ३,४७१,४३७.५० | | ख) ब्याज भुक्तानी | ०.०० | |
| | **द्वन्द प्रभावित परिवार सहयोग** | ४६९,०००.०० | ४६९,०००.०० | | ग) अन्य भुक्तानी | ०.०० | |
| | **विद्यालय क्षेत्र विकास कार्यक्रम केन्द्र** | ६,२६४,०००.०० | ६,२६४,०००.०० | ४ | **लगानी** | | ०.०० |
| ५ | **स्थानीय तह क्षमता विकास.** | ०.०० | ०.०० | | ऋण लगानी | ०.०० | |
| | **सामाजिक सुरक्षा** | ४५,४५०,०००.०० | ४५,४५०,०००.०० | | शेयर लगानी | ०.०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | **गरिवसँग विश्वेश्वर** | **३९४,०००.००** | **३९४,०००.००** | | अन्य लगानी | ०.०० | |
| ६ | **निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रम** | ४,०००,०००.०० | ४,०००,०००.०० | **५** | **धरौटी फिर्ता** | ०.०० | |
| | **झोलुङ्गेपुल क्षेत्रगत कार्यक्रम** | **१,१००,०००.००** | **१,१००,०००.००** | ६ | **कोष खर्च** | २,९९६,४९०.५० | २,९९६,४९०.५० |
| | **प्रधानमन्त्री रोजगार कार्यक्रम** | ३,४१८,०००.०० | ३,४१८,०००.०० | ७ | **संघीय सञ्चित कोष फिर्ता** | १०,६७७,४९२.७५ | १०,६७७,४९२.७५ |
| | **स्थानीय शासन तथा सामुदायीक विकास कार्यक्रम** | ३०५,०००.०० | ३०५,०००.०० | ८ | **प्रदेश सञ्चित कोष फिर्ता** | २२,१८५,२४६.०० | २२,१८५,२४६.०० |
| | **पर्यटन बोर्ड** | **३५०,०००.००** | **३५०,०००.००** | ९ | **मौज्दात** | | ४८,१८९,२३०.४८ |
| | **धरौटी आय** | **१७६,२६३.००** | **१७६,२६३.००** | | नगद मौज्दात | ०.०० | |
| | | | | | बैंक मौज्दात (अनुदान) | **४७,५३८,०२०.४८** | |
| | | | | | धरौटीको बैक मौज्दात | **१७६,२६३.००** | |
| | | | | | प्रकोप, मर्मत र कर्मचारी कल्याणकोष बैक मौज्दात | **४७४,९४७.००** | |
| | | | | | च) विभिन्न कोषहरु | | |
| | | | | | | | |
| | **जम्मा** | **४८७,१०८,६७८.४७** | **४८७,१०८,६७८.४७** | | **जम्मा** | **४८७,१०८,६७८.४७** | **४८७,१०८,६७८.४७** |

**कार्यालयः पाँचपोखरी थाङपाल गाउँपालिका, सिन्धुपाल्चोक**

| दफा | व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **असुलीः** लेखापरीक्षणको क्रममा रु.६७,१४८।- असुल भई दाखिला भएको छ । | |
| १. | **लेखा ढाँचाको प्रयोग**- नेपालको संविधानको धारा २४१ मा नेपालको सरकारी लेखाको लेखापरीक्षण महालेखा परीक्षकले गर्ने र यसरी लेखा परीक्षण गरिने लेखा संघिय कानुन बमोजिम महालेखापरीक्षकले तोकेको ढाँचामा राखिने व्यवस्था छ । त्यसैगरि आर्थिक कार्यविधि ऐन, २०५५ र अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) मा समेत स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षक बाट स्वीकृत भएबमोजिमको ढाँचामा राख्नु पर्ने व्यवस्था छ । सोहि अनुसार एकिकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) बमोजिमका फारामहरु मिति २०७५।८।१० मा संघ तथा प्रदेश र स्थानीय तह गरि दुई समुहका फारामहरु आर्थिक वर्ष २०७५।०७६ देखि लागु गर्ने उद्देश्यले मिति २०७२।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको अवस्था छ । जसअनुसार १४२ प्रकारका फाराम विकास भएकोमा ७९ नयाँ फारामहरु र ६३ परिमार्जित फाराम विकास भएको अवस्था छ । उपर्युक्त अनुसारको वित्तिय प्रतिवेदनमा प्राप्ती भुक्तानी हिसाव, सरकारी आम्दानी र खर्च कारोवारको वजेट तुलनात्मक प्रतिवेदनलाई पुष्टी गर्ने गरी विभिन्न लेखा टिप्पणीहरु जस्तै संचित कोषको अवस्था, आन्तरिक राजश्व, संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान, ऋण प्राप्ती तथा साँवा व्याज भुक्तानी भएमा, वितरण गर्न बाँकी राजश्वको विवरण, धरौटी तथा कोषहरु, संघीय सरकार प्रदेश सरकार वा आय व्यक्ति संस्थाका कार्यक्रम खर्च, सोझै भुक्तानी र वस्तुगत सहायता, संचित कोषबाट भएका खर्च भुक्तानी, आयोजना र कार्यमा खर्च (सशर्त अनुदान) भुक्तानी दिन बाँकीको विवरण, फिर्ता गर्न बाँकी अनुदान, फिर्ता लिन बाँकी अनुदान, पेश्की बाँकी वैंक तथा नगद बाँकी र अन्य सम्पतिहरु जस्ता लेखा टिप्पणीहरुको व्यवस्था गरेको छ । यो वर्ष यस पालिकाले उपर्युक्त ढाँचा अनुसारको वित्तीय प्रतिवेदन तयार गरेको छैन । स्वीकृत ढाँचामा लेखा राख्ने र प्रतिवेदन गर्ने व्यवस्था कार्यान्वयन हुनु पर्दछ । | |
| २. | **आय व्याय विवरण -** गाउँपालिकाको आर्थिक विवरणले त्यसमा लेखिएको अवधिको आर्थिक कारोवारको यथार्थ चित्रण गर्नुपर्दछ ।साथै गाउँपालिकाको खाता हिसाव र वैंक हिसाव एक आपसमा भिडान गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणमा पेश हुन आएको एकीकृत आय र व्ययको विवरण अनुसार गाउँपालिकाको गत वर्षको जिम्मेवारी सहित सञ्चित कोषमा जम्मा आम्दानी रु ४८३,४६०,९७७.९७ खर्च रु.४३५,९२२,९५७.४९ तथा बैंक मौज्दात रु.४७,५३८,०२०.४८ रहेको छ । गाउँपालिकाले असार मसान्तको स्रेस्ता अनुसार बाँकी रकम र बैक अनुसार बाँकी रकम भिडाई बैक हिसाव समायोजन विवरण तयार गरी हिसाव यकिन गरेको छैन । खर्च नभई सँघीय तथा प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रु. १,७४,४०,७८०।०० र धरौटी खातामा जम्मा गर्नुपर्ने रु.९,१८,३७५/- सञ्चितकोष खातामा नै मौज्दात रहेको देखिएको छ । यसले गर्दा सञ्चितकोषको मौज्दातले यथार्थ हिसाव प्रस्तुत गर्न सकेको देखिएन । सञ्चितकोषको लेखा यथार्थपरक बनाउनु पर्दछ । | |
| ३. | **फिज नगरेको -** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४/७५ च.नं. १०६४ मिति २०७५/०३/०३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्र अनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानको रकम आषाढ मसान्तसम्म खर्च हुन नसकेमा संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा गाउँपालिकामा खर्च नभई बाँकी रहेको रकम मध्ये रु. १,७४,४०,७८०।०० देहाय अनुसार खर्च नभई बाँकी रहेको रकम सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. | १,७४,४०,७८०/- |
| ४. | **धरौटी -** गाउँपालिकाले विभिन्न सेवा प्रदायकलाई भुक्तानी दिदा कट्टा गरेको धरौटी धरौटी खातामा जम्मा नगरी मुलखातामा नै रहेको देखियो । धरौटी रकम सम्वन्धित खातामा सारी अध्यावधिक गर्नु पर्ने रु..... | ९,१८,३७५/- |

| विवरण | रकम |
|---|---|
| डाडाकटेरी चण्डेश्वरी निर्माण सेवा | १५३०७७ |
| केदार निर्माण सेवा | ३६१९८६ |

| | |
|---|---|
| गेहेन्द्रलक्ष्मी निर्माण सेवा | ४०३३१२ |
| **जम्मा** | ९१८३७५ |

५. **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा गाउँपालीकाले ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम,कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादत्म्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ ।गाउँपालिकाले उपाध्यक्षको संयोजकत्जमा उक्त समिति गठन गरेको छ ।

६. **श्रोतअनुमान तथा बजेट सिमा -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ बमोजिम गाउँपालीकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान,ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सिमा निर्धारण गर्न, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, बजेट तर्जुमा गर्दा मार्गदर्शन गर्नलगायतका कार्य गर्न ४ सदस्यीय श्रोत अनुमान तथा बजेट सीमा समिति गठनको व्यवस्था छ । गाउँपालिकाले २०७५।२।२८ मा७ सदस्यीय समिति गठन गरेको छ । सो समितिले ४१,३४,८९,०००।०० को बजेट सीमा निर्धारण गरेकोमा सोही सीमा भित्र रही बजेट स्वीकृत गरेको देखियो ।

७. **वजेट पेश तथा पारित** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ। आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिमसम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारीत गर्नुपर्ने व्यवस्था छ ।गाउँपालिकाको उपप्रमुख श्री सुनिता अधिकारीज्यू**ले** मिति २०७५/०३/१० मागाउँसभासमक्ष रु. ४१,३४,८९,०००।०० बजेट पेश गर्नु भएकोमा गाउँसभाबाट मिति २०७५/३/१० मा बजेट पारित भएको देखिएकोले समयमै बजेट पारित भएको देखियो ।

८. **क्षेत्रगत बजेट र खर्चको स्थिति -** मिति २०७५/३/१० मा गाउँसभाबाट पारित क्षेत्रगत कार्यक्रम र बजेट खर्च स्थिति देहाय बमोजिम रहेको छ ।

| क.स. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत (जम्मा खर्चको तुलनामा) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १६०८५००० | १४५८५००० | ३.६२ |
| २ | पुर्वाधार विकास | २२७६३०९७७ | २०१४७९००० | ४९.९९ |
| ३ | सामाजिक विकास | १७२६९५००० | १२०७९५००० | २९.९७ |
| ४ | वातावरण र विपद व्यवस्थापन | २२००००० | २१७००९९ | ०.५४ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १६५६५००० | ६४०३१११९.७४ | १५.८९ |
| | **जम्मा** | ४३५१७५९७७ | ४०३०६०२१८.७४ | **१००.०१** |

उपरोक्त विवरण अनुसार गाउँसभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी पूर्वाधार विकासमा र सामाजिक विकासमाक्रमशः ४९.९९ प्रतिशत र २९.९७.प्रतिशत रहेको छ ।

९. **पूर्वाधार तर्फको क्षेत्रगत बजेट र खर्चको स्थिति -** गाउँ सभाबाट पारित वित्तीय समानीकरण पूर्वाधार तर्फको क्षेत्रगत कार्यक्रम र बजेट व्यवस्थापनको स्थिति देहायबमोजिम रहेको छ ।

| क.स. | क्षेत्र | बजेट | खर्च | खर्च % (कुल पूर्वाधार बजेट खर्चको तुलनामा) |
|---|---|---|---|---|
| १ | सडक | १८७६८९००० | १५९०९५६१२ | ७८.९६ |
| २ | खानेपानी | १७००००० | १५००००० | ०.७४ |
| ३ | सिंचाई | ४०००००० | ३०००००० | १.४९ |
| ४ | भु-क्षय,बन,बातावरण, विपद व्यवस्थापन | २२००००० | २१७००९९ | १.०८ |
| ५ | विद्यालय भवन तथा शौचालय निर्माण | १७३९०००० | १७३९०००० | ८.६३ |
| ६ | खेलमैदान | ५२५०००० | ५२५०००० | २.६१ |
| ७ | झोलुङ्गे पुल | ११००००० | १०७३२८९ | ०.५३ |

| | | | | |
|---|---|---|---|---|
| ८ | अन्य | १२१५०००० | १२०००००० | ५.९६ |
| | | जम्मा | २०१४७९००० | १०० |

उपर्युक्त विवरण अनुसार गाउँपालिकाले भौतिक पूर्वाधार तर्फको बजेटबाट सार्वजनिक सडक निर्माण, खानेपानी योजना, सिचाई, भुक्षय नियन्त्रण, विद्यालय भवनक निर्माण,मा क्रमश: ७८.%, ०.७४.%, १.४९%, १.०८.%, ८.६३ % बजेट व्यवस्था गरी खर्च गरेको छ । सडक निर्माणमा गाउँपालिकाले अधिक वजेट खर्च गरेको देखियो ।

१०. **अवण्डा रकम -** गाउँपालिकाले यस बर्ष भवन शीर्षकमा रु. ३२,००,०००।०० सडक तथा पुल निर्माणमा रु.३६,००,०००।०० सिचाई तथा संरचना निर्माणमा रु. २४,००,०००।०० समेत जम्मा रु.९२,००,०००।०० अबण्डा राखेकोमा उक्त रकम मिति २०७५./१२/२४ गतेको गाउँ सभाले पारित गरेको निर्णय अनुसार विभिनन ८ सडक योजनामा बाँडफाँड गरी खर्च गरेको छ । यसरी अवण्डा राखी पछि कार्यपालिकाको निर्णयबाट खर्च गर्ने कार्यले बजेट अनुशासन र वित्तीय जवाफदेहितामा चुनौती सिर्जना गर्न सक्ने भएकोले अवण्डा राखी खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ ।

११. **आन्तरिक लेखापरीक्षण -** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) र प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२(१) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, जितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्रे आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ ।तर गाउँपालिकाले लेखापरीक्षण अवधिसम्म यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । त्यसैले आगामी दिनमा गाउँपालिकाले कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

१२. **आन्तरिक नियन्त्रण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमित र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।

- गाउँपालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको ।
- गाउँपालिकाले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेको ।
- गाउँपालिकामा समयोजन भई आएका साविकका गा.वि.स. र विषयगत कार्यालयबाट हस्तान्तरण भई आएका जिन्सीको अवस्था देखिने गरी विवरण तयार नगरेको ।
- गाउँपालिकाको वडा कार्यालय र विषगत शाखामा छुट्टा छुट्टै जिन्सी खाता राखेको र जिन्सी सामानको एकीकृत विवरण समेत नबनेको अवस्थामा जिन्सी सामानको हिनामिना र चुहावट हुन सक्ने स्थिति देखिएको ।
- कतिपय कारोबारहरु मूल्य अभिवृद्धि कर बेगरका फर्मसँग गरेको ।
- गाउँपालिका क्षेत्र भित्र कोष प्रमाणित तथा भ्रमण प्रतिवेदन बेगर अनुगमन तथा दैनिक भ्रमण भत्ता खर्च लेख्ने गरेको ।
- विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रम समेत बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठी तर्फ केन्द्रीत भई वितरणमुखी मात्र देखिएको ।
- सार्वजनिक खरिद नियमावली बमोजिम कार्यालयले खरिद गुरु योजना तथा वार्षिक खरिद योजना तयार गाउी खरिद कारबाही संचालन गरेको ।
- गाउँपालिकाले तोकिए बमोजिम Sub-National Tresury Regulatory Application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्नेमा सो नगरेको ।
- महालेखा नियन्त्रक कार्यालयबाट जारी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या अनुसार एकीकृत आर्थिक संकेत प्रयोग नगरेको ।

- विगत वर्षको बेरुजु लगत अद्यावधिक नगरेको ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम श्रोत नक्सांकन वा गाउँपालिकाको प्रोफाईल तयार नगरेको ।
- शिक्षक तथा कर्मचारीहरुको तलवी प्रतिवेदन पारित नगरी तलव खर्च लेखेको

मन्त्रालयको मिति २०७३/१२/२५ को परिपत्रको दफा १७ बमोजिम गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख अद्यावधिक गरेको छैन । त्यसैले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाई सार्वजनिक सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ ।

१३. **आय व्ययको चौमासिक विवरण-** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३२ मा स्थानीय सरकारले आफ्नो आय व्ययको विवरण चौमासिक रुपमा संघीय सरकारलाई पेश गर्नु पर्ने व्यवस्था छ । सो अनुसार यस गाउँपालिकाले आफ्नो आय व्ययको विवरण सघीय सरकारलाई चौमासिक रुपमा पेश गरेको देखिएन ।

१४. **वडा सचिवको पदपूर्ति -** गाउँगाउँपालिका अन्तर्गका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपूर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।

| वडा संख्या | वडा सचिवको दरवन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ८ | ८ | ७ | १ |

उपरोक्त विवरण अनुसार गाउँपालिकाका ७ वटा वडा सचिव मध्ये.७जनाको पदपूर्ति भई .१ जनाको दरबन्दी रिक्त रहेको छ ।

१५. **न्यायिक समिति र न्याय सम्पादन -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ अनुसार गाउँपालिकाको उप-प्रमुखको नेतृत्वमा न्यायिक समितिले दफा ४९ अनुसार न्याय सम्पादनको कार्य गर्ने व्यवस्था छ । गाउँगाउँपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष न्यायिक समितिको कार्य सम्पादन अवस्था देहाय बमोजिम छ ।

| दर्ता भएका विवाद | फछ्र्यौट भएका विवाद | फछ्र्यौट हुन बाँकी विवाद |
|---|---|---|
| ४५ | ४४ | १ |

१६. **कानून निर्माण र कार्यान्वयन -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ अनुसार गाउँपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार गाउँपालिकाले ३२ वटा कानुन तर्जुमा गरी स्वीकृत गरेकोमा २८ बटा राजपपत्रमा प्रकाशित भएको र तपसिल बमोजिमको कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित गर्न बँकी रहेको देखिन्छ । स्वीकृत कानुन तोकिए बमोजिम राजपत्रमा प्रकाशित गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

| **क्र.स.** | **कानूनको नाम** | **गाउसभाबाट स्वीकृत भएको मिति** |
|---|---|---|
| १. | टोल सुधार कार्यविधि, २०७६ | २०७६/३/२९ |
| २ | गाउँ प्रहरी सम्वन्धी कार्यविधि, २०७६ | २०७६/३/२९ |
| ३ | जनशक्ति स्रोत परिचालन कार्यविधि, २०७६ | २०७६/३/२९ |
| ४ | बजार अनुगमन कार्यविधि, २०७६ | २०७६/३/२९ |

१७. **चौमासिक खर्च -** गाउँपालिकाले उपलब्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ ।

| सि. नं | ब.उ.शि.नं. | कूल खर्च | कुल खर्च | | | आषाढ महिनाको मात्रखर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| १ | वित्तीय सामानीकरण र आन्तरिक पूँजीगत | ११६६५७२६२.८२ | १९४४२८७७.१४ | ३८८८५७५४.२७ | ५८३२८६३१.४१ | ४३५९०८३८.२७ |
| २ | सशर्त अनुदान शिक्षा | ८१८९४९६६.५० | २७२९८३२२.१६ | २५०५७११६ | २९५३९५२८.३६ | २४८७९०७० |
| ३ | सशर्त अनुदान स्वास्थ्य | २००४९३७२.१६ | ३३४१५६२ | ६६८३००० | १००२४८१०.१६ | ४६३९८३९.६६ |
| ४ | सशर्त अनुदान कृषि पशु | ३२३६९८४.३५ | १०७८००० | १०२०००० | ११३८९८४.३५ | ६९९५४७.३५ |
| ५ | सामाजिक सुरक्षा | ४५१७०५२५ | १५१९०४७० | १४९७७९६० | १५००२०९५ | १५००२०९५ |
| ६ | स्थानीय शासन तथा | ३०५००० | १३१००० | ८७००० | ८७००० | २५२५० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सामुदायिक विकास | | | | | |
| ७ | प्रदेश सरकार सर्शत अनुदान | १४०२९४५७ | १०००००० | ४०००००० | ९०२९४५७ | ५१५४७६४ |
| | **जम्मा** | २८१३४३५६७.८३ | ६७४८२२३१.३ | ९०७१०८३०.२७ | १२३१५०५०६.२८ | ९३९९१४०४.२८ |
| | **प्रतिशत** | | २३.९८ | ३२.२४ | ४३.७७ | ३३.४१ |

प्रस्तुत विवरण अनुसार कार्यालयबाट तेस्रो चौमासिकमा ४३.७७प्रतिशत र आषाढ महिनामा मात्र ३३.४१ प्रतिशत रकम खर्च भएको छ। तेस्रो चौमासिक तथा आषाढ महिनामा बढी खर्च गर्दा जोखिमका क्षेत्रहरु बढ्न सक्ने, अनुगमन र गुणस्तर नियन्त्रणमा कठीनाई हुने तथा कामको गुणस्तरमा समेत नकारात्मक प्रभाव पर्न सक्ने देखिएकाले यस्तो अवस्थामा सुधार गरी खर्च प्रणालीलाई तोकिए बमोजिम व्यवस्थित बनाउनु पर्दछ।

१८. **सेवा प्रवाह -** गाउँपालिकाले यस वर्ष सम्पादन गरेको सेवा प्रवाहको स्थिती झल्कने गरी प्रगति विवरण तयार गरी पेश नगरेकोले सम्पादित सेवाको वास्तविक विवरण प्राप्त गर्न सकिएन। लेखापरीक्षणको क्रममा कार्यालयक बाट प्राप्त जानकारी अनुशार यस वर्ष गाउँपालिकाबाट निम्नअनुसार सेवा प्रवाह भएको देखिन्छ :

| सि.नं. | विवरण | जम्मा |
|---|---|---|
| | **पञ्जिकरणतर्फ** | |
| १ | जन्म दर्ता | ३९१ |
| २ | मृत्यू दर्ता | २४ |
| ३ | बसाईंसराई दर्ता | - |
| ४ | बिबाह दर्ता | १९२ |
| ५ | सम्बन्धविच्छेद दर्ता | - |
| | **अन्य सिफारिस** | |
| ६ | घरबाटो सिफारिस | ११०० |
| ७ | नागरीकता सिफारिस | |
| ८ | अन्य सिफारीस | |
| | **पूर्वाधार विकास सडक निर्माण** | |
| ९ | सडक पिसिसि ढलान तथा नाला निर्माण (मि.) | ३० मि |
| १० | सडक मर्मत सम्भार (कि.मि.) | २२ कि मि |
| ११ | नयाँ ट्रयाक खोलिएको (कि.मि) | ११ कि मि |

१९. **स्थानीय तहका पदाधिकारीको सुविधा-** नेपालको संविधानको धारा २२७ मा गाउँ सभाका पदाधिकारी तथा गाउँ सभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था छ। सोही व्यवस्था अनुसार प्रदेश नं. ३ को प्रदेश सभाबाट पारित भई मिति २०७५ बैशाख १० को प्रदेश राजपत्रमा स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा पदाधिकारी तथा सभाका सदस्यहरु आफू निर्वाचित भई पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम शुरु गरेको मिति देखि अनुसूचि-१ बमोजिमको सुविधा पाउने व्यवस्थाछ। गाउँपालिकाबाट यस वर्ष देहाय बमोजिम रु.६६,६०,०००।०० सुविधा वापत भुक्तानी भएको छ।

| विवरण | गा.पा.अध्यक्ष | उप प्रमूख | वडा अध्यक्ष ८ जना | कार्यपालिका सदस्य ६ जना | वडा सदस्य २५ जना | जम्मा |
|---|---|---|---|---|---|---|
| बार्षिक सुविधा | ३६०००० | ३००००० | १९२०००० | ७२०००० | १५०००००० | ४८०००००० |
| सञ्चार सुविधा वार्षिक | १८००० | १२००० | ७६८०० | ० | ० | १०६८०० |
| बैठक भत्ता | १८००० | १८००० | ४३२००० | २१६००० | ९००००० | १५८४००० |
| खाजा भत्ता खर्च | १८०० | १८०० | ४३२०० | ३२४०० | ९०००० | १६९२०० |
| **वार्षिक कुल जम्मा** | ३९७८००.०० | ३३१८००.०० | २४७२००० | ९६८४०० | २४९०००० | ६६६०००० |

२०. **भ्रमण खर्च -** प्रदेश नं. ३अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् :

| | | |
|---|---|---|
| | ● अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन खुलाउने नगरेकोले कार्यालयकै कामका लागि भ्रमण भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>● नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br>● भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>अतः स्पष्ट प्रयोजन र उद्देश्य खुलाई भ्रमण आदेश स्वीकृत गर्ने र भ्रमण प्रतिवेदन लिई भ्रमण खर्च भुक्तानी दिने व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ । | |
| २१. | **प्रोत्साहन भत्ता** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८८ अनुसार स्थानीय सेवाका कर्मचारीको शुरु तलब स्केल प्रदेश सरकारले तोके बमोजिम हुने र त्यसरी प्रदेश सरकारले नतोकेसम्म नेपाल सरकारले तोके बमोजिम हुने उल्लेख छ । स्थानीय तहका कर्मचारीको तलब भत्ता सम्बन्धमा प्रदेश सरकारले छुट्टै व्यवस्था गाउँको अवस्थामा गाउँपालिकामा कार्यरतकर्मचारीलाई मासिक रु.१६२३।-.देखी रु८,५४०।- सम्म गरी जम्मा रु.४,५१,६३७।०० प्रोत्साहन भत्ता भुक्तानी गरेको छ । उक्त सुविधा संघीय तथा प्रदेश कानुनको सिद्धान्त अनुसार नदेखिएको रु. | ४,५१,६३७/- |
| २२. | **आर्थिक सहायता-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र कार्य गर्ने आवश्यक पर्ने ऐन, नियम, निर्देशिका, कार्यविधि बनाई स्थानीय राजपत्रमा प्रकाशित गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले कार्यविधि तयार गरी विलभरपाईका आधार स्थानीय उद्दार, राहत तथा पुनःस्थापना, विपन्न वर्गलाई औषधि उपचार लगायतकाका कार्यमा रु.५०००।०० देखि रु. २५,०००।००सम्म २२जना लाई जम्मा रु६,४५,५५०।००आर्थिक सहायता वितरण गरेको छ । कार्यपालिकाले कार्यविधि बनाई खर्च गरेको भए तापनि अनुत्पादक प्रकृतिका यस्ता खर्च नियन्त्रण गर्ने प्रयास गर्नु पर्दछ । | |
| २३. | **सम्भाव्यता अध्ययन नभएको** - स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(छ) मा गाउंपालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा साधन श्रोतको पूर्वानुमान, आयोजनाको प्राथमिकीकरण, योजनाको कार्यान्वयन तालिका र अनुगमन तथा मूल्यांकन योजना समेत तयार गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले तयार गरेका बार्षिक योजनाका सम्भाव्यता अध्ययन नभएको र योजना कार्यान्वयन तालिका एवं अनुगमन तथा मूल्यांकन योजना तयार गरेको देखिएन । ऐनमा भएको व्यवस्थाको कार्यान्वयन नभएको कारणले कार्य नभएको देखिन्छ । योजनाको सम्भाव्यता अध्ययन नहुंदा र अनुगमन तथा मूल्यांकन योजना तयार नहुंदा योजनाले दिने प्रतिफल तथा प्रभावकारी कार्यान्वयनमा असर पर्दछ । योजनाको उदेश्य प्राप्तीको लागि योजनाको सम्भाव्यता अध्ययन गराएर अनुगमन तथा मूल्यांकन योजना बनाई प्रभावकारी कार्यान्वयन हुनुपर्दछ । | |
| २४. | **योजना छनौट र कार्यान्वयन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । गाउँ सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७५/७६ को अध्ययन गर्दा गाउंपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । गाउँपालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् । | |

| | |
|---|---|
| रु.१ लाख सम्म | ५ |
| रु. १ देखि २ लाख सम्म | ७ |
| रु. २ देखि ३ लाख सम्म | १४ |
| रु. ३ देखि ४ लाख सम्म | ७ |
| रु. ४ देखि ५ लाख सम्म | २७ |
| रु. ५ देखि १० लाख सम्म | ३३ |
| रु. १० लाख भन्दा बढि | ३० |
| जम्मा | १२३ |

| | | |
|---|---|---|
| | उपर्युक्त विवरण अनुसार गाउँपालिकाले यस वर्ष रु १ लाख देखि रु ८० लाख सम्मका जम्मा १२३ वटा योजना संचालन गरेकोमा रु ५ लाख भन्दा मुनिका मात्र ६० वटा योजनाहरु रहेका | |

| | | |
|---|---|---|
| | छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागतप्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तर कायम गर्नकठिनाई अवस्था तर्फ ध्यान दिनु पर्दछ । | |
| २५. | **उपभोक्ता समितिबाट भएको कार्य-** यो वर्ष गाउँपालिकाले विभिन्न १३२ योजनाहरु उपभोक्ता मार्फत कार्यान्वयन गरी रु.१२,८६,०३,०००।०० विभिन्न उपभोक्ता समिति हरुलाई भुक्तानी दिएको देखिन्छ । उपभोक्ता समिति मार्फत गराएको कामको सम्वन्धमा देखिएको व्यहोरा निम्न छन् : | |
| २५.१. | **उपभोक्ता समिति दर्ता** – संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार कुनै पनि संस्था विधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिँदैन । कार्यालयले यस वर्ष विभिन्न निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता भएको पाइएन । उक्त समितिहरु स्थानीय स्तरमा आयोजनाको बजेटको आधारमा अस्थायी रुपमा गठन हुने र काम सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण सम्पन्न आयोजनाहरु सञ्चालन तथा मर्मत सम्भारमा जिम्मेवार बनाउन कठिनाइ हुने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । | |
| २५.२. | **लागत सहभागिता** – गाउँपालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने व्यवस्था गरिएको छ । गाउँपालिकाले उक्त व्यवस्था अनुसार विभिन्न आयोजना/कार्यक्रम सञ्चालन गर्ने क्रममा सार्वजनिक खरिद नियमावलीको व्यवस्था अनुसार नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिएको पाइएन । कार्यालयले यस वर्ष विभिन्न १३२ वटा विकास निर्माण तथा पूर्वाधार योजनामा रु.१२,८६,०३,०००।०० खर्च गरेको भए तापनि ती कुनै पनि आयोजनाका उपभोक्ता समितिबाट नगद सहभागिता व्यहोरेको पाइएन । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| २५.३. | **मर्मत सम्भार कोष** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत, सम्भार गर्नुपर्ने व्यवस्था रहेको छ । साथै गाउँपालिकाले विभिन्न आयोजना/कार्यक्रम सञ्चालन गर्न सम्बन्धित उपभोक्ता समितिसँग गरेको सम्झौताको शर्तमा मर्मत सम्भारको जिम्मा सम्बन्धित उपभोक्ता समितिको हुने उल्लेख भए/नभएकोले सम्पन्न आयोजना मर्मत सम्भारका लागि उपभोक्ता समितिहरुले मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन । अतः निर्मित आयोजनाहरुको सु-सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनुपर्दछ । | |
| २५.४. | **हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । गाउँपालिकाले अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । | |
| २५.५. | **निर्माण कार्यको गुणस्तर–** गाउँ/गाउँ कार्यपालिका कार्यालयले उपभोक्ता समिति मार्फत् निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समितिले आवश्यक व्यवस्था गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले निर्माण कार्यको गुणस्तर सुनिश्चितता | |

गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक संयन्त्र तयार गर्नुपर्दछ ।

२५.६. **जटिलसंरचना निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, पार्क निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ ।

२६. **अनुत्पादक क्षेत्रमा लगानी–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा गाउँपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरुलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । तर यस गाउँपालिकाले सामुदायिक भवन, क्लब भवन, खेलकुद मैदान जस्ता योजनाहरु अधिक संख्यामा समेत छनौट गरी खर्च गरेको पाइयो । कार्यालयले यस वर्ष छनौट गरेका पूर्वाधार योजनामध्ये केही त्यस्ता अनुत्पादक क्षेत्रका योजनामा देहाय अनुसार खर्च भएको छ :–

| सि.नं. | गो.भौ.नं. मिति | योजनाको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| १. | ८०,८१/२०७५/११/१३ | रैथाने सिगार गाँउ पाउना घर निर्माण | ७७६००० |
| २. | ९३/२०७५/११/२८ | प्याफुल्ला सामुदायिक सेवा भवन भोताङ | ६७९००० |
| ३. | २००/२०७६/३/१३ | साङछ्योलिङ सामुदायिक भवन निर्माण | ६४७९६० |
| ४. | २५०/२०७६/३/२५ | बासखर्क सामुदायिक भवन निर्माण | ९७०००० |
| ५. | २४९/२०७६/३/२५ | थाङपालधाप सामुदायिक भवन | ९२८४७६ |
| ६. | १५२/२०७६/२/१ | महाकाली चिण्डेश्वरी मन्दिर निर्माण | ४८५००० |
| ७. | १०७/२०७५/१२/११ | कोम्राङ पाउनाघर निर्माण | ४८५००० |
| ८. | १२७/२०७६/१/१२ | गुरुखण्डु लखङ भवन | ५८२००० |
| ९. | ११४/२०७५/१२/२५ | थाङपालकोट २ नम्वर पाउनाघर | ७७६००० |
| १०. | १०५/२०७५/१२/१० | थाङपालधाप मसाने पाटी निर्माण | १०६४०९० |
| ११. | १७२/२०७६/२/२९ | | |

पालिकाले योजना छनौट गर्दा आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरुलाई प्राथमिकता दिनुपर्ने देखिन्छ ।

**समानीकरण अनुदान पूँजीगत**

२७. **सफ्टवेयरको उपयोग नभएको -** कार्यालयले वस्तु तथा सेवा खरिद गर्दा वार्षिक खरिद योजना अनुसार हेरेर खरिद गरी त्यसको उपयोग गर्नुपर्दछ । कार्यालयले यस वर्ष खरिद योजना वेगर देहाय वमोजिम दुइवटा फर्मबाट सफ्टवेयर खरिद गरी रु ६७८०००।खर्च गरेको छ । यसरी खरिद गरेको सफ्टवेयर हाल कार्यालयले उपयोगमा ल्याएको देखिएन । जुन प्रयोजनको लागि खरिद गरिएको हो सो अनुसार त्यसको उपयायेग हुनुपर्दछ ।

| भौ.नं.मिति | विवरण | आपूर्तक | भुक्तानी रकम |
|---|---|---|---|
| १२/२०७५/६/२१ | डकुमेन्ट मेनेजमेन्ट सिस्टम | ऋद्ध सफ्ट प्रा.ली. | २९३८०० |
| १२/२०७५/६/२१ | इनभेन्टरी मेनेजमेन्ट सिस्टम | मिरक्याट सर्भिसेज प्रा.ली. | ३८४२०० |
| | | | ६७८००० |

२८. **अधुरो योजना -** कार्यालयले उपलब्ध स्रोत साधानको अधिकतम उपयोग हुने क्षेत्रमा लगानी गर्नुपर्दछ । यस गाउँपालिकाको वडा नंम्वर ८ स्थित लागार्चे कोटगाउँ खेलमैदान निर्माण कार्यका लागि प्रदेश सरकारबाट रु ४०,००,०००। बजेट विनियोजन भएको देखिन्छ । उक्त

स्थानमा खेलमैदान निर्माण गर्नका लागि कुनै सम्भाव्यता अध्ययन गरेको देखिएन । त्यसैगरी उक्त खेलमैदान निर्माण सम्पन्न गर्नका लागि लाग्ने कूल लागत तथा समय स्पष्ट किटान नगरी प्रदेश सरकारबाट प्राप्त बजेट रु ४० लाखको मात्र लागत अनुमान तयार गरी उपभोक्ता समितिबाट डोजरको प्रयोग गरी माटो काटी मैदान सम्याउने कार्य गरी रु.४०,२९,९५५। को कार्य सम्पन्न गरेको विल, कार्यसम्पन्न प्रतिवेदन र नापी किताबका आधारमा प्राप्त बजेट मध्येबाट ३ प्रतिशत कन्टीजेन्सी कट्टी गरी रु ३८,८०,०००। उपभोक्ता समितिलाई भुक्तानी गरेको छ । भिरालो स्थानमा रहेको उक्त खेल मैदान सम्पन्न गर्नका लागि यस वर्ष संघ,प्रदेश र स्थानीय कुनै सरकारबाट बजेट व्यवस्था भएको छैन । यसरी राज्यले गरेको लगानी अधुरो रहेको हुँदा आयोजना छनौट एवं त्यसलाई पूर्णता दिने कार्यमा सम्वन्धित निकायले विशेष ध्यान पुर्‍याउनु पर्ने देखिन्छ ।

२९. **मोटरसाइकल खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार २० लाख सम्म लागत अनुमान भएको मालसामान खरिद गर्दा सिलवन्दी दरभाउ पत्रबाट गर्न सकिने व्यवस्था छ । त्यसै गरी सोही नियमावलीको नियम ३१(ख) अनुसार मालसामान उत्पादन वा वितरण गर्ने उत्पादक कम्पनी वा त्यसको आधिकारीक विक्रेतालाई कम्तीमा ७ दिन देखि बढीमा १५ दिन सम्मको लिखित सूचना दिई प्रतिस्पर्धा गराई क्याटलग विधिबाट खरिद गर्न सकिने व्यवस्था छ । यस वर्ष वडा कार्यालयको लागि रु ४० लाख र गाउँपालिका को लागि रु. १०,००,०००।०० समेत रु. ५०,००,०००।०० मोटरसाईकल खरिदको लागि वजेट व्यवस्था भएको देखिन्छ । वडा कार्यालयको लागि यस वर्ष मोटरसाइकल खरिद गरेको नदेखिएतापनि गाउँपालिकाको लागि देहाय वमोजिम मोटरसाइकल खरिद गरेकोमा उपरोक्त दुवै विधि नअपनाई सोझै खरिद गरेको छ ।

| भौ.नं.मिति | विवरण | संख्या | आपूर्तक कम्पनी | रकम |
|---|---|---|---|---|
| ८/०७५/६/२१ | एक्स व्लेड १६० सि.सि | १ | शिवसिद्ध इन्टरप्राइजेज प्रा.ली. | २८१४०० |
| ८/०७५/६/२१ | एक्स आर १५० सि.सि | १ | शिवसिद्ध इन्टरप्राइजेज प्रा.ली. | ४८०००० |
| २१/०७५/९/५ | साइन १२५ सि.सि. | १ | शिवसिद्ध इन्टरप्राइजेज प्रा.ली. | २०९००० |
| ६३/०७५/१०/१७ | सि.वि.यूनिकर्न१६० सि.सि | १ | मेट्रो अटो सेन्टर | २६९९०० |

३०. **नापी किताव बेगर भुक्तानी -** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) अनुसार खर्च गर्दा खर्चका विलभरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले देहायवमोजिमका कार्यका लगि उपभोक्ता समितिले पेश गरेको विलका आधारमा रकम भुक्तानी गरेकोमा उक्त आइटम नापी किताबमा चढाएको नदेखिएकोले नापी भएको भन्दा वढी परिमाण विलमा समावेश गरी भुक्तानी दिएको रकम असुल हुनुपर्ने रु २,९६,१५४/-

| भौ.नं. मिति | कामको विवरण | आइटम | परिमाण | दर | रकम |
|---|---|---|---|---|---|
| १७९/२०७६/३/३ | वडा नं २ वरुवा वडा कार्यालय जोड्ने वाटो | रक कटिङ | १५७५ घ.मी. | १४९/७० | २३५७७७ |
| २१८/२०७६/३/२५ | वडा नं ८ खाल्डे ओखेनी मोटर बाटो | अर्थ वर्क एक्जामिसन | .९९६ घ.मी. | ६०/६२ | ६०३७७ |
| | | | | **जम्मा** | २९६१५४ |

३१. **प्रमाण कागजात पेश नभएको -** भौ.नं. २५४।२०७६।३।२५ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) अनुसार खर्च गर्दा खर्चका विलभरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । यस कार्यपालिकाको वडा नंम्वर ३ भोताङ्गको ग्यालसिङ देउरालीमा विद्युत विस्तार कार्यका लागि नेपाल विद्युत प्राधिकरण हेलम्बु मेलम्ची वितरण केन्द्रलाई रु ३३,००,०००। भुक्तानी गरेको छ । उक्त कार्यका लागि लाग्ने लागत अनुमान,कार्य सम्पन्न प्रतिवेदन तथा नापी किताव लेखापरीक्षणमा पेश भएन । विद्युत प्राधिकरणबाट काम सम्पन्न गरी कागजात आइनसकेकोले पछि पेश गरिने कार्यालयको भनाई छ । तोकिए बमोजिमका प्रमाण कागजात पेश हुनुपर्ने रु ३३,००,०००/-

३२. **पचास प्रतिशत मुल्य अभिवृद्धि कर कट्टी नगरेको :**मू.अ.कर नियमावली २०५३(२१औं संशोधन) को नियम ६.ग अनुसार सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का सम्झौता वा करार अर्न्तगत आपुर्ति हुने वस्तु वा सेवा वापतको रकम सम्वन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने मू.अ.कर रकमको ५०% हुन आउने रकम निजको नामबाट सम्वन्धित राजस्व शिर्षकमा जम्मा गरी बाँकी रकम भुक्तानी दिने व्यवस्था छ ।यस गाउँपालिकमा परीक्षण गरिएका देहाय बमोजिममा

भौचरबाट यस्तो रकम कट्टी नगरी पुरै भुक्तानी भएको देखिएको हुँदा भुक्तानी भएको उक्त मू.अ.कर रकम सम्वन्धित राजस्व कार्यालयबाट समायोजन गरेको प्रमाण पेश हुनु पर्ने रु ५,८७,२१५/-

| भौ.नं.मिति | कामको विवरण | निर्माण व्यवसायी | विजक नं/मिति | कूल भुक्तानी | ५०% मु.अ.कर | कार्यक्रम |
|---|---|---|---|---|---|---|
| २३७/०७ ६/३/२५ | तिपेनी लागार्चे सडक | वि.जि. निर्माण सेवा | ६/०७६/३/२० | ४९३१०८ | २८३६५ | केन्द्रिय विशेष अनुदान |
| २३८/०७ ६/३/२५ | टिपेनी लागार्चे सडक | सिन्धु मेलम्ची कन्ट्रक्सन | ३१/०७६/३/१९ | ४९३३९० | २८३८० | केन्द्रिय विशेष अनुदान |
| २३९/०७ ६/३/२५ | टिपेनी लागार्चे सडक | कपिल निर्माण सेवा | ३९/०७६/३/२० | ४९३१०८ | २८३६५ | केन्द्रिय विशेष अनुदान |
| २४०/०७ ६/३/२५ | टिपेनी लागार्चे सडक | रोज कन्ट्रक्सन | ६/०७६/३/१८ | ४९३१०८ | २८३६५ | केन्द्रिय विशेष अनुदान |
| २४८/०७ ६/३/२५ | गाउँपालिकाको रोड एण्ड वाल | पाल्चोकि भगवती निर्माण सेवा | १/०७६/३/२५ | २७८८९० | १६०४२ | प्रदेश विशेष अनुदान |
| २४६/०७ ६/३/२५ | गाउँपालिकाको विल्डिङ्ग प्रोटेक्सन वाल १ | जुगल हिमशिखर कन्ट्रक्सन | ७/ मिति उल्लेख नभएको | ४९५००० | २८४७३ | प्रदेश विशेष अनुदान |
| २४७/०७ ६/३/२५ | गाउँपालिकाको विल्डिङ्ग प्रोटेक्सन वाल १ | केदार निर्माण सेवा | १३/मिति उल्लेख नभएको | ४९९००० | २८७०३ | प्रदेश विशेष अनुदान |
| २१३/०७ ६/३/१५ | सडक निर्माण | गेहेन्द्रलक्ष्मी निर्माण सेवा | | ३४८१४६२ | ४००५२२ | |
| | | | | जम्मा | ० | |

३३. **सोभ्कै खरिद:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार २० लाख सम्म लागत अनुमान भएको निर्माण कार्य सिलबन्दी दरभाउ पत्रबाट गर्न सकिने व्यवस्था छ । कार्यालयले गाउँपालिकाको केन्द्रीय भवनलनइई सुरक्षीत राख्न प्रोटेक्सन वाल लगाउने कार्यलाई देहाय वमोजिम तीन प्याकेज बनाइ रु १२,७२,९०। को सोभ्कै खरिद कार्य गरेको देखियो । एकै स्थानको र एकै समयमा गरिने उक्त कार्यलाई एउटै प्याकेज बनाई लागत अनुमान तयार गरी सिलबन्दी दरभाउ पत्रबाट खरिद कार्य गर्न सकिनेमा टुक्रा टुक्रा पारी खरिद गर्नु नियमसम्मत नदेखिएको रु....... १२,७२,८९०/-

| भौ.नं. मिति | विवरण | निर्माण व्यवसायी | भुक्तानी रकम |
|---|---|---|---|
| २४६/०७६/३/२५ | गाउँपालिका विल्डिङ्ग प्रोटेक्सन वाल १ | जुगल हिमशिखर कन्ट्रक्सन | ४९५००० |
| २४७/०७६/३/२५ | गाउँपालिका विल्डिङ्ग प्रोटेक्सन वाल २ | केदार निर्माण सेवा | ४९९००० |
| २४८/०७६/३/२५ | गाउँपालिका विल्डिङ्ग रोड एण्ड वाल | पाल्चोकि भगवती निर्माण सेवा | २७८८९० |
| | | **जम्मा** | १२७२८९० |

## प्रदेश अनुदान विशेष

३४. **निर्णय एवं अनुमोदन नभएको :** यस गाउँपालिकाको वडा नम्वर २ मा विद्युत लाइन विस्तार कार्यका लागि वरुवा केन्द्रिय लाइन विस्तार उपभोक्ता समितिले पेश गरेका विल भरपाई तथा कार्यालयबाट सामान खरिद तथा हस्तान्तरण गरेका विल भरपाईका आधारमा रु १२,९८,९१६। खर्च लेखेको छ । गाउँपालिका विद्युत पहुँच कार्यक्रमका लागि एकमुष्ठ विनियोजन गरेको रकमबाट उक्त रकम खर्च गरेको भएतापनि उक्त बडामा विद्युतीकरण कार्य गर्ने कार्यपालिकाको निर्णय र सभाबाट उक्त खर्च अनुमोदन गरेको प्रमाण पेश नभएको रु १२,९८,९१६/-

| भौ.नं. मिति | विवरण | रकम |
|---|---|---|
| १६६/२०७६/२/८ | उपभोक्ता समितिले पेश गरेका विल भरपाई अनुसार भुक्तानी | ४३६५०० |
| १६८/२०७६/२/१० | कार्यालयले भि.एस इन्जिनियरिङ्ग ट्रेडस प्रा.ली. तथा जे.भी.जे.इन्टरप्राइजेजबाट विद्युतीय सामान खरिद गरी हस्तान्तरण गरेको | ८६२४१६ |
| | **जम्मा** | १२९८९१६ |

३५. **नापी परिमाण भन्दा बढी भुक्तानी:** गो.भौ. नं. २१२।०७६।३२५ वाट तिपेनी घुम्लेपाखा वार्डअफिस भोटेनाम्लाङ सडकको निर्माण व्यवसायी गेहेन्द्रलक्ष्मी निर्माण सेवालााई प्रथम रनिङ विल रु.५४,६४,३९७०० भुक्तानी दिएको छ । उक्त कार्यको नापी कितावमा जम्मा ३५० घ.मी. ग्यावियन बक्स भरेको उल्लेख भएकोमा ६३० घ.मी.विलमा चढाएको देखियो । यसरी ११,०७,४००/-

| | | |
|---|---|---|
| | २८० घन मीटर बढी विलमा चढाई प्रति घ.मी. रु. ३५,०० को दरले रु.९,८०,०००।०० र मु.अ.कर समेत जम्मा रु. ११,०७,४००।०० वढी भुक्तानी दिएको रकम असुल गर्नु पर्दछ रु...... | |
| ३६. | **जाली फिर्ता नगरेको** : गाउँपालिका केन्द्रदेखि गुन्सा हाडीखोला सडक स्तरोन्नती कार्यको उपभोक्ता समितिलाई $2\times1\times1$साईजको १३ थान जाली प्रतिथान रु ३३४१।४१ को दरले रु.४३४३८।३३ खरिद र $1.5\times1\times1$ साईजको ८ थान जाली प्रतिथान रु २७९८ को दरले रु. २२३८७।९२ समेत जम्मा २१ थान जालीको लागी रु.६५,८२५।०० भुक्तानी दिएकोमा नापी किताव अनुसार उक्त जालीहरु नभरेकोले सो रकम असुल गर्नु पर्दछ । रु...... | ६५,८२५/- |
| | **ब.उ.शि.नं ३६५०१५३ (सामाजिक सुरक्षा कार्यक्रमतर्फ)** | |
| | **सामाजिक सुरक्षा :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तथा भत्ता वितरण लगायत यससँग सम्बन्धित विविध व्यवस्थाहरु गरेको छ । यस वर्ष गाउँपालिकाले रु.८,२२,७२,०००/०० सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् :- | |
| ३७. | **कार्यविधिको पालना:** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ अनुसार तोकिएको मिति भित्र सामाजिक सुरक्षा भत्ता वितरण नगरेको, तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण नगरी सामाजिक सुरक्षा भत्ता वितरण गरेको, दफा ९ अनुसार सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन नगरेको स्थिति देखिएकोछ । कार्यविधिको पूर्ण पालना गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नु पर्दछ । | |
| ३८. | **बैङ्किङ सेवाको प्रयोग:** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश, २०७४ को दफा ४३ अनुसार सामाजिक सुरक्षा भत्ता वापतको रकम बैंकबाट वितरण गर्ने व्यवस्था मिलाईने र यस प्रयोजनको लागी अर्थ मन्त्रालयको सहमतिमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले कुनै स्थानीय तहको लागी कुनै एक वा अलग अलग बैंकलाई यस सम्वन्धी कार्यको जिम्मेवारी प्रदान गर्न सक्ने व्यवस्था छ । सामाजिक सुरक्षा सञ्चालन कार्यविधि, २०७५ को दफा २२(ख) वमोजिम बैंकिङ सुविधा भएमा बैंक मार्फत भत्ता वितरण गरिनुपर्ने व्यवस्था छ । २०७६ आषाढ मसान्तसम्म गाउँपालिकाले बैंक मार्फत भत्ता वितरण गरेको देखिएन । गाउँपालिकामा बैङ्किङ सुविधा उपलव्ध भएतापनि विभन्न वडाहरुमा पहुँच सहज नभएको कारणले बैंक मार्फत भत्ता वितरण हुन नसकेको कार्यालयको भनाई रहेको छ । बैंक सुविधा नपुगेको ठाउहरुमा बैंक स्थापना गरी बैंक मार्फत भत्ता वितरण गर्ने र उपलव्ध भएको स्थानमा खाता खोल्न लगाई लााभग्राहीको खातामार्फतनै रकम भुक्तानी दिने व्यवस्था मिलाउनु पर्दछ । | |
| ३९. | **नागरिकता नम्बर उल्लेख नगरी भुक्तानी:** सामाजिक सुरक्षा सञ्चालन कार्यविधि,२०७५ को दफा १८(ग) वमोजिम केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षा को अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था छ । तपसिलको व्यक्तिलाई नागरिकता नम्वर उल्लेख नगरी सामाजिक सुरक्षा भत्ता भुक्तानी गरिएको छ । एउटै नाम गरेको व्यक्ति एक भन्दा बढी हुने भएकोले वास्तविक व्यक्ति पहिचान गर्ने आधार नागरिकता रहेको छ । यसरी नागरिकता नम्वर नै उल्लेख नगरी भत्ता वितरण गर्दा दोहोरो भत्ता भुक्तानी हुनसक्ने देखिन्छ । तपसिलको व्यक्तिलाई नागरिकता नम्वर उल्लेख नगरी भत्ता वितरण गरिएकोले कार्यविधिमा तोकिए अनुसार केन्द्रिकृत सुचना प्रणालीमा नागरिकता नम्वर प्रविष्टी गरि अधावद्यिक गरेको प्रमाण पेश गर्नुपर्ने रु. | ०/- |

| सि नं | भुक्तानि पाउने | वडा नं | भत्ताको प्रकार | प्रति चौमासिक | जम्मा रकम |
|---|---|---|---|---|---|
| १ | जुनी लामा | ६ | अति अशक्त | २४०० | २४०० |
| २ | रमादेवी धिताल | ६ | अति अशक्त | २४०० | २४०० |
| ३ | चन्द्रमाया तामाङ्ग | ३ | ज्येष्ठ नागरिक | ८००० | ८००० |
| ४ | अर्जुन लामा | ३ | अति अशक्त | २४०० | २४०० |
| ५ | आसिका तामाङ्ग | ३ | अति अशक्त | २४०० | २४०० |
| ६ | दावाकर्मा तामाङ्ग | ३ | अति अशक्त | २४०० | २४०० |
| ७ | छान्जा दोर्जे गोले | ५ | अति अशक्त | २४०० | २४०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | आशा खड्का | ४ | पूर्ण अपांग | ८००० | ८००० |
| ९ | काली तामाङ्ग | ४ | पूर्ण अपांग | ८००० | ८००० |
| १० | भिमसेन खत्री | ४ | पूर्ण अपांग | ८००० | ८००० |
| ११ | पेतापेमा तामाङ्ग | ४ | विधवा | ४००० | ४००० |
| १२ | कुमारी श्रेष्ठ | ४ | विधवा | ४००० | ४००० |
| १३ | शर्मिला तामाङ्ग | ४ | विधवा | ४००० | ४००० |
| | | | जम्मा | | ५८४०० |

४०. **हातले नामावली थप गरी गरेको भुक्तानी :** सामाजिक सुरक्षा सञ्चालन कार्यविधि,२०७५मा सामाजिक सुरक्षा वापत प्रदान गरिने भत्ता सुचना प्रणालीमा अद्यावधिक अभिलेख राखी भुक्तानी दिनु पर्ने व्यवस्था छ। गाउँपालिकाले वितरण गरेको समाजिक सुरक्षा भत्ता रकमको नमुना छनौट गरी परीक्षण गर्दा गाउँपालिकाको कम्प्युटरकृत सुचना प्रणालीमा तथ्याँक अद्यावधिक नगरी हातले नाम तथा नागरिकता नम्वर उल्लेख गरी देहाय अनुसार रु. ७५५२००। सामाजिक सुरक्षा भत्ता वितरण गरेको देखियो । यस सम्वन्धमा कार्यालयले आवस्यक छानविन गरी बास्तविक व्यक्तिले भत्ता पाए नपाएको छानविन गरी अभिलेख व्यवस्थित गर्नु पर्दछ।

| सि नं | नाम | वडा नं. | ना.प्र.नं. | भुक्तानी भएको चौमासिक | चौमासिक दर | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | युग नेपाली | ७ | | दोस्रो | १६०० | १६०० |
| २ | सुर्य सार्की | ७ | | दोस्रो | १६०० | १६०० |
| ३ | युसान बि क | ७ | | दोस्रो | १६०० | १६०० |
| ४ | इन्द्र ब दमाई | ७ | ६१० | दोस्रो | ४००० | ४००० |
| ५ | माइला तामाङ्ग | ७ | १४० | दोस्रो | ८००० | ८००० |
| ६ | काइली कमिनी | ७ | २२५३/८२० | दोस्रो | ४००० | ४००० |
| ७ | पुम्ची तामाङ्ग | ७ | २५२६८ | दोस्रो | ८००० | ८००० |
| ८ | पदम कुमारी पण्डित | ७ | ४६८७०/१०२१ ७० | दोस्रो | ८००० | ८००० |
| ९ | श्रीमाया तामाङ्ग | ७ | २४१०७३/३२७ | दोस्रो | ८००० | ८००० |
| | सर्किनी तामाङ्ग | ७ | २४३०७३/२६१ | दोस्रो | ८००० | ८००० |
| १० | सोमो तामाङ्ग | ७ | २४३०७३/३२८ | दोस्रो | ८००० | ८००० |
| ११ | ज्ञान ब श्रेष्ठ | ४ | २७९२/३०४११ | प्रथम | ८००० | ८००० |
| १२ | सुषमा खत्री | ४ | | प्रथम | १६०० | १६०० |
| १३ | मनिका वि.क. | ४ | | प्रथम,दोस्रो | १६०० | ३२०० |
| १४ | सुमित्रा परियार | ४ | | प्रथम | १६०० | १६०० |
| १५ | सुमिना नेपाली | ४ | | प्रथम | १६०० | १६०० |
| १६ | समिरा परियार | ४ | | प्रथम | १६०० | १६०० |
| १७ | युवराज वि.क. | ४ | | प्रथम,दोस्रो | १६०० | ३२०० |
| १८ | टिका कुमारी नेपाली | ४ | २४३०७१र२३६ | प्रथम | ४००० | ४००० |
| १९ | मनिषा वि.क. | ३ | | प्रथम,तेस्रो | १६०० | ३२०० |
| २० | रिया सुनार | ३ | | प्रथम,तेस्रो | १६०० | ३२०० |
| २१ | डुक्चा लामा तामाङ | ८ | | प्रथम | ८००० | ८००० |
| २२ | रेवता अधिकारी | ८ | | प्रथम | ८००० | ८००० |
| २३ | अञ्जना बोगटी | ६ | | प्रथम | १६०० | १६०० |
| २४ | सञ्जिता बोगटी | ६ | | प्रथम | १६०० | १६०० |
| २५ | रविन रस्तेल | ६ | | प्रथम | १६०० | १६०० |
| २६ | लक्ष्मी खत्री | ४ | १२६७८५ | प्रथम | ४००० | ४००० |
| २७ | मान कुमारी बि क | ४ | ५४२६४ | प्रथम | ४००० | ४००० |
| २८ | दिलमाया खत्री | ४ | ६०६१९ | प्रथम | ४००० | ४००० |
| २९ | राजभाइ तामाङ | ३ | २४३०६८/२२१ | प्रथम | ४००० | ४००० |
| ३० | वमिनी लमिनी | ३ | १८१६ | प्रथम | ४००० | ४००० |
| ३१ | कृष्णमाया तामाङनी | ३ | १०२० | प्रथम | ४००० | ४००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३२ | सुन्तली तामाङनी | ३ | १०७० | प्रथम | ४००० | ४००० |
| ३३ | मिठु कामी | ३ | १४२५८९ | प्रथम | ४००० | ४००० |
| ३४ | धन कुमारी तामाङ | ३ | ७०३०१ | प्रथम | ४००० | ४००० |
| ३५ | साङवा तामाङ | ४ | २२२२ | प्रथम | ४००० | ४००० |
| ३६ | शर्मिला तामाङ | ४ | २४३०५१/७३ | प्रथम | ४००० | ४००० |
| ३७ | इन्द्रेणी तामाङ | ४ | २६९ | प्रथम | ४००० | ४००० |
| ३८ | कार्चुङ लामा | ४ | २९३३ | प्रथम | ४००० | ४००० |
| ३९ | नोरङ तामाङ | ४ | ४/१९० | प्रथम | ४००० | ४००० |
| ४० | कान्छि गिरी | ४ | ४/१८१ | प्रथम | ४००० | ४००० |
| ४१ | सानु तामाङ | ४ | १३८ | प्रथम | ४००० | ४००० |
| ४२ | पुतली तामाङनी | ४ | २२३६ | प्रथम | ४००० | ४००० |
| ४३ | साङग्री लामा | ४ | २०९ | प्रथम | ४००० | ४००० |
| ४४ | मानकुमारी गिरी | ७ | ३७३ | दोस्रो | ४००० | ४००० |
| ४५ | निमा सिगि तामाङ | ४ | २९४३/४७२४६ | दास्रो | २४०० | २४०० |
| ४६ | सविना सुनार | ४ | ७४/१०४०६२ | दोस्रो | १६०० | १६०० |
| ४७ | पूर्नी तामाङ | ३ | १८६६/२५८५ | तेस्रो | ८००० | ८००० |
| ४८ | कान्छि लमिनी | ३ | २२३२/१७२४ | तेस्रो | ८००० | ८००० |
| ४९ | राम्री तामाङ | ३ | २४२४८१/१५६९ | तेस्रो | ८००० | ८००० |
| ५० | याङजी तामाङ | ५ | १५०७ | तेस्रो | ४००० | ४००० |
| ५१ | निमायाङजी तामाङ | ५ | २७/२०/७४/२२० | तेस्रो | ४००० | ४००० |
| ५२ | कान्छि तामाङ | ५ | २०३६/२/२२ | तेस्रो | ४००० | ४००० |
| ५३ | कान्छि तामाङ | ५ | ०२६/१/१३ | तेस्रो | ४००० | ४००० |
| ५४ | कान्छि तामाङ | ५ | २००५/१२२० | तेस्रो | ४००० | ४००० |
| ५५ | इसा सुनार | ३ | | तेस्रो | १६०० | १६०० |
| ५६ | विवेक बि क | ३ | | तेस्रो | १६०० | १६०० |
| ५७ | ईशान सुनार | ३ | | तेस्रो | १६०० | १६०० |
| ५८ | मनकुमारी बि क | ४ | ५४४ | तेस्रो | ४००० | ४००० |
| ५९ | दुर्गा पसरयार | ४ | २४३०७१/२४८ | तेस्रो | ४००० | ४००० |
| ६० | सानी तामाङ | ४ | २६२० | तेस्रो | ८००० | ८००० |
| ६१ | निमा तामाङ | ४ | १५४४ | तेस्रो | ८००० | ८००० |
| ६२ | भिममाया लमिनी | ४ | २४८२ | तेस्रो | ८००० | ८००० |
| ६३ | दावा ग्याल्वो तामाङ | ४ | २२२ | तेस्रो | ८००० | ८००० |
| ६४ | काले लामा | ४ | | तेस्रो | ८००० | ८००० |
| ६५ | गोमा कुमारी सिलवाल | ४ | ६९७ | तेस्रो | ८००० | ८००० |
| ६६ | तेम्बा तामाङ | ४ | ८८१ | तेस्रो | ८००० | ८००० |
| ६७ | फूलमती श्रेष्ठ | ४ | ७७७३७ | तेस्रो | ८००० | ८००० |
| ६८ | साईली तामाङ | ४ | १५३/१७८ | तेस्रो | ४००० | ४००० |
| ६९ | पेतापेमा तामाङ | ४ | | तेस्रो | ४००० | ४००० |
| ७० | टिका कुमारी नेपाली | ४ | | तेस्रो | ४००० | ४००० |
| ७१ | माईली तामाङ | ४ | २०४४/१२ | तेस्रो | ४००० | ४००० |
| ७२ | दुर्गामाया भुजेल | ७ | ४७८ | तेस्रो | ८००० | ८००० |
| ७३ | भिम ब भुजेल | ७ | ७२२५ | तेस्रो | ८००० | ८००० |
| ७४ | मंगली तामाङ | ७ | २४१५९३ | तेस्रो | ८००० | ८००० |
| ७५ | माइला तामाङ | ७ | १२० | तेस्रो | ८००० | ८००० |
| ७६ | सोमो तामाङ | ७ | २८३०७३/३२८ | तेस्रो | ८००० | ८००० |
| ७७ | हरिमाया पुरी | ७ | १२९१६८ | तेस्रो | ८००० | ८००० |
| ७८ | सुकुकुमारी सार्की | ७ | २४३०७३/५५४ | तेस्रो | ८००० | ८००० |
| ७९ | पदम कुमारी | ७ | ४४३ | तेस्रो | ८००० | ८००० |
| ८० | श्रीमाई तामाङ | ७ | २४३०७३ | तेस्रो | ८००० | ८००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८१ | साङमो शेर्पा | ७ | ३०२७८/११३५६९ | तेस्रो | ८००० | ८००० |
| ८२ | सर्किनि शेर्पा | ७ | ४९१ | तेस्रो | ८००० | ८००० |
| ८३ | बुद्दि तामाङनी | ७ | १२१ | तेस्रो | ८००० | ८००० |
| ८४ | पदम कुमारी पण्डित | ७ | ४६८७०/१०२२७० | तेस्रो | ८००० | ८००० |
| ८५ | पोक्ची तामाङ | ७ | २४३०७३/२९१ | तेस्रो | ८००० | ८००० |
| ८६ | सुकुमाया पुरी | ७ | ४७५ | तेस्रो | ८००० | ८००० |
| ८७ | लेसो तामाङ | ७ | २४१०७३/४९१२ | तेस्रो | ८००० | ८००० |
| ८८ | मुल्ची तामाङनी | ७ | २४३०७३/५९४ | तेस्रो | ८००० | ८००० |
| ८९ | काइली कामिनि | ७ | २२५३/८२० | तेस्रो | ८००० | ८००० |
| ९० | लक्ष्मी गैतमी | ४ | ५५७/१२५४४७ | तस्रो | २४०० | २४०० |
| ९१ | विजय परियार | ४ | २४०१/१५००/१४४ | तेस्रौ | २४०० | २४०० |
| ९२ | ए कुमारी | ४ | १२५४७७ | तेस्रो | २४०० | २४०० |
| ९३ | पुतली तामाङ | ४ | १४५९ | दोस्रो | ४००० | ४००० |
| ९४ | सानु लामा | ४ | २४३८७१/१९८ | दोस्रो | ४००० | ४००० |
| ९५ | कान्छि गिरी | ४ | २४३०८१/१८१ | दोस्रो | ४००० | ४००० |
| ९६ | सर्मिला तामाङ | ४ | | दोस्रो | ४००० | ४००० |
| ९७ | तोक्का वाइवा तामाङ | ४ | ५४६४६/१०२ | दोस्रो | ८००० | ८००० |
| ९८ | कृष्ण माया खड्का | ४ | ४१५ | दोस्रो | ८००० | ८००० |
| ९९ | ग्यावा तामाङ | ४ | ६२९ | दोस्रो | ८००० | ८००० |
| १०० | मिध्दि तामाङ | ४ | २४१४ | दोस्रो | ८००० | ८००० |
| १०१ | निरमाया तामाङ | ४ | ९४५ | दोस्रो | ४००० | ४००० |
| १०२ | शाङजी लामा | ४ | २०९ | दोस्रो | ४००० | ४००० |
| १०३ | वेल कुमारी चालिसे | ४ | ४०२/१२३ | दोस्रो | ४००० | ४००० |
| १०४ | कारचुङ तामाङनी | ४ | ९३३ | दोस्रो | ४००० | ४००० |
| १०५ | इन्द्रेणी लामा | ४ | २३९ | दोस्रो | ४००० | ४००० |
| १०६ | नोरसाङ तामाङ | ४ | २४३४१/१९० | दोस्रो | ४००० | ४००० |
| १०७ | दिलमाया खत्री | ४ | ६०१५९ | दोस्रो | ४००० | ४००० |
| १०८ | तकिन तामाङ | ४ | ०३८ | दोस्रो | ८००० | ८००० |
| १०९ | छोटे तामाङ | ८ | २०३७ | तेस्रो | ८००० | ८००० |
| ११० | सुक्पो लामा | ८ | २१९१ | तेस्रो | ८००० | ८००० |
| १११ | कामि तामाङ | ८ | २२४८ | तेस्रो | ८००० | ८००० |
| ११२ | दिल कुमारी मिजार | ८ | | तेस्रो | ४००० | ४००० |
| ११३ | बुध कुमारी महत | ८ | २११२ | तेस्रो | ४००० | ४००० |
| ११४ | जिबुटी तामाङ | ८ | ७०९ | तेस्रो | ४००० | ४००० |
| ११५ | लक्ष्मि गोतामे | ८ | ५५७/१२५४४७ | तेस्रो | २४०० | २४०० |
| ११६ | विजय परियार | ८ | २४०१७५००/१४४ | तेस्रो | २४०० | २४०० |
| ११७ | यु कुमारी खड्का | ८ | १२५४/७७ | तेस्रो | २४०० | २४०० |
| ११८ | गंगामाया गिरी | ७ | २३९ | दोस्रो | ८००० | ८००० |
| ११९ | तुलामाया गिरी | ७ | २११० | दोस्रो | ८००० | ८००० |
| १२० | दावा लामो तामाङ | ७ | १६७७/१५५१८१ | दोस्रो | ८००० | ८००० |
| १२१ | बुद्दि तामाङ | ७ | १३१४२८ | दोस्रो | ८००० | ८००० |
| १२२ | मंगली तामाङ | ७ | १५९३ | दोस्रो | ८००० | ८००० |
| १२३ | सुकुमाया तामा | ७ | ५५४ | दोस्रो | ८००० | ८००० |
| १२४ | विमला गुरुङ | ७ | २४३०७३/१९१ | दोस्रो | ४००० | ४००० |
| १२५ | दावा डोल्मो लामा | ७ | २४३०७३/४९५ | दोस्रो | ४००० | ४००० |
| १२६ | पूर्णमाया दनुवार | ७ | १२५६२४ | दोस्रो | ४००० | ४००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२७ | दावा लामु लामा | ३ | २४३९९ | दोस्रो | ८००० | ८००० |
| १२८ | काईला तामाङ | ३ | २४/०/१ | दोस्रो | ८००० | ८००० |
| १२९ | सिता तामाङ | ३ | | दोस्रो | ८००० | ८००० |
| १३० | सानु तामाङ | ३ | २४३०६८/२१३ | दोस्रो | ८००० | ८००० |
| १३१ | फूलमाया तामाङनी | ३ | २२१८ | तेस्रो | ८००० | ८००० |
| १३२ | पाचोम तामाङ | ३ | २४०२ | तेस्रो | ८००० | ८००० |
| १३३ | निमा ग्याल्मो तामाङ | ३ | १०२३ | तेस्रो | ८००० | ८००० |
| १३४ | कारसाङ तामाङ | ३ | २४३०६८ | दोस्रो | २४०० | २४०० |
| १३५ | धावा डोल्मो तनमाङ | ३ | | दोस्रो | २४०० | २४०० |
| १३६ | भिमलाल तामाङ | ३ | २४/०१/७२५८ | दोस्रो | २४०० | २४०० |
| १३७ | लाक्पा छिरिङ तामाङ | ३ | | दोस्रो | २४०० | २४०० |
| १३८ | जेठीमाई तामाङ | ३ | | दोस्रो | २४०० | २४०० |
| १३९ | माया तामाङ | ३ | | दोस्रो | २४०० | २४०० |
| १४० | छावर्यु लामा | ३ | ०१/७२०६ | दोस्रो | २४०० | २४०० |
| १४१ | माया तामाङ | ३ | ६३१२५ | दोस्रो | २४०० | २४०० |
| १४२ | अनिता तामाङ | ३ | | दोस्रो | २४०० | २४०० |
| १४३ | बिनिता तामाङ | ३ | | दोस्रो | २४०० | २४०० |
| १४४ | दलु लामा | ३ | २४४०० | दोस्रो | २४०० | २४०० |
| १४५ | निमदोर्जे तामाङ | ३ | ९४९० | दोस्रो | २४०० | २४०० |
| १४६ | अजय लामा | ३ | १०६८८४ | दोस्रो | २४०० | २४०० |
| | | | | | | ७५५२०० |

**समानीकरण चालु**

४१. **सल्लाहकार** : प्रदेश नं. ३अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ मा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ । यस गाउँपालिकाले पालिकाका अध्यक्षको निजि सचिवका रुपमा श्री विजय पौड्याललाईनियुक्त गरी रु २,३४,०००। भुक्तानी गरेको छ । कानूनमा व्यवस्था गरेर मात्र यस्तो खर्च लेख्नु पर्दछ ।

**सशर्त अनुदान**

४२. **शिक्षकको अभिलेख :–** शिक्षा नियमाबली, २०५९ को परीच्छेद ३ नियम १६ मा जिल्ला शिक्षा अधिकारीको काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था छ । जसअन्तर्गत बुँदा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ती बा बढुबाको लागी सिफारीस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी बिद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य बिबरण अभिलेख अद्याबधिक गरि राख्नुपर्ने व्यबस्था रहेको छ । कार्यालयले नियमाबलीमा व्यवस्था भएबमोजीमको शिक्षकको विद्यालयगत दरबन्दी अभिलेख, काजमा आएका, काजमा गएका, सरुवा भई आएका तथा गएका, सेवानिबृत भएका, बिदामा रहेका, नयाँ नियुक्त भएका शिक्षक सम्बन्धी बिबरण आदीको बारेमा अभिलेख राखेको पाईएन । त्यस्तै विद्यालयगत शिक्षकको नामनामेसि सहितको अभिलेल अध्यावधिक नगरेको, शिक्षकहरुको विद्यालय शिक्षक किताबखानावाट तलवी प्रतिवेदन पारित नगरेको, स्थानिय तह भित्रका सार्वजनिक विद्यालयहरुको शैक्षिक गुणस्तर कायम गर्न अनुगमन गरी प्रतिवेदन तयार नगरेको कारण । दोहोरो निकासा हुन सक्ने, दरबन्दी अनुसार पदपुर्ति नहुने, तथा शिक्षकहरुको समग्र व्यवस्थापन गर्न कठिन हुन जान्छ । तसर्थ नियमाबलीको परीपालना गरि शिक्षक सम्बन्धी अभिलेखको उचित व्यबस्थापनमा ध्यान जानुपर्ने देखिन्छ ।

४३. **३८६, २०७६/२/२**

**पुस्तकालय, आइसिटी, विज्ञान प्रयोगशालाको लागि अनुदान :** विद्यालय क्षेत्र विकाश कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व २०७५/७६ को क्रियाकलाप नं २.१५.११.७८८ मा

| | | |
|---|---|---|
| | स्थानिय निकायले लाइब्रेरी नभएका माध्यामिक विद्यालयहरुलाई लाइबेरी व्यवस्थापनको लागि अनुदान उपलब्ध गराउने ब्यवस्था रहेको , क्रियाकलाप नं २.१५.११.७८९ मा स्थानिय तहले ईन्टरनेटको पहुँच तथा विद्युतको नियमित आपूर्ति भएका विद्यालयहरुलाई क्ष्ऋत्ल्याव व्यवस्थापनका लागि अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ । त्यस्तै क्रियाकलाप नं २.१५.११.७९२ मा विगतमा विज्ञान प्रयोगशाला अनुदान नपाएका तथा विद्यालयको विद्यार्थी संख्या र जेष्ठता समेतलाई आधार मानि अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ । यस वर्ष गाउँपालिकाले देहाय अनुसार १ वटा विद्यालयलाइ पुस्तकालय अनुदान, २ वटा विद्यालयहरुलाई ICTको प्रयोगको लागि अनुदान तथा २ वटा विद्यालयहरुलाई विज्ञान प्रयोगशाला अनुदान उपलब्ध गराएकोमा विद्यालयहरुले नमुना माध्यामिक विद्यालय व्यवस्थापन निर्देशिका, २०७४ को सम्वन्धित खण्ड तथा स्पेशिफिकेशनको परिधिभित्र रहेर सार्वजनिक खरिद ऐन तथा नियमावली तथा विद्यालय खरिद दिग्दर्शन प्रक्रियाहरु पूरा गरी सामग्री खरिद गरेर पुस्तकालय, ICTल्याव, विज्ञान प्रयोगशाला व्यवस्थापन गरेको प्रमाण तथा कागजात पेश गरेको देखिएन । तसर्थ उल्लेखित प्रकिया र मापदण्ड अनुसार सामग्री खरिद गरेर पुस्तकालय, ICTल्याव, विज्ञान प्रयोगशाला स्थापना तथा सञ्चालन भएको अनुगमन प्रतिवेदन तथा प्रमाण पेश हुनु पर्ने रु | ३२,५०,०००/- |

| सि.नं. | विद्यालयको नाम | अनुदानको विवरण | रकम रु. |
|---|---|---|---|
| १ | भोताङदेवि माध्यामिक विद्यालय | ICTल्याव | ६५००००/- |
| २ | भोटेनाम्लाङ माध्यामिक विद्यालय | ICTल्याव | ६५००००/- |
| ३ | क्षेत्रपालेश्वरी माध्यामिक विद्याय | पुस्तकालय | ६५००००/- |
| ४ | थाङपालधाप माध्यामिक विद्यालय | विज्ञान प्रयोगशाला | ६५००००/- |
| ५ | लागर्चे माध्यामिक विद्यालय | विज्ञान प्रयोगशाला | ६५००००/- |
| | | **जम्मा** | ३२५००००/- |

| | | |
|---|---|---|
| ४४. | **३८६,२०७६।२।२ शौचालय निर्माण:**कार्यक्रम कार्यान्वयन पुस्तिकाको २.१५.११.७९७ मा कुनै पनि किसिमका शौचालय तथा खानेपानीको व्यवस्था नभएका, विद्यार्थी संख्या अत्यधिक भई एक भन्दा वढी वाहिरी वातावरण सुधार तथा छात्रा शौचालयको आवस्यकता भएका विद्यालयहरुलाई पानी तथा स्वास्थ्य र सरसफाई सहितको शौचालय निर्माण कार्यको लागि अनुदान उपलब्ध गराउने व्यवस्था छ । भौतिक सुधार विस्तार कार्यक्रम कार्यान्वयन भएका कार्यको नापी किताब र सम्पन्न भए पश्चात कार्य सम्पन्न प्रतिबेदन तयार गरिनु पर्ने उल्लेख गरेको छ । यो वर्ष गाउँपालिका अन्तर्गतका २ वटा विद्यालयहरुमा शौचालय निर्माण गर्न रु १४ लाखको कार्यक्रम स्विकृत भै आएकोमा गाउँपालिकाबाट निर्णय गरी चण्डेश्वरी माध्यामिक विद्यालयलाई शौचालय निर्माणको लागि रु १४ लाख नै निकाशा दिएको देखियो । यसरी स्विकृत कार्यक्रममा उल्लेख भएको भन्दा बढी एउटै विद्यालयलाई निकाशा दिनु कार्यक्रम विपरित देखिन्छ । साथै निकाशा दिएको रकमको निर्माण कार्य सम्पन्न गरी नापी किताब तथा कार्य सम्पन्न प्रतिवेदन तयार गरेको नदेखिएकोले निर्माण कार्य सम्पन्न गरी नापी किताव र कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु | १४,००,०००/- |
| ४५. | **बढी निकाशा :** शिक्षकहरुको तलव भत्ता विद्यालय खातामा निकाशा दिंदा विद्यालयगत दरवन्दी विवरण, विद्यालय शिक्षक किताबखानावाट पारित भएको तलव ग्रेड र विद्यालयवाट प्राप्त चौमासिक माग फाराम संग भिडान गरी निकाशा दिनु पर्दछ । यो वर्ष चण्डीका माध्यामिक विद्यालय बरुवामा कार्यरत शिक्षक, कर्मचारी तथा ई सि डि स का समेत शिक्षक कर्मचारीहरुको तेश्रो चौमासिक मागफाराम अनुसार तलव रु ८०९४४३। निकाशा दिनु पर्नेमा रु ८१५०३८। निकाशा दिएको देखिएकोले वढी निकाशा दिएको रु ५५९५। असुल गरी संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु | ५,५९५/- |
| ४६. | **३९४,४५१,५८०,२०७६।२।२७,३१,३।२०**<br>**बढी निकाशा :** शिक्षकहरुको तलव भत्ता विद्यालय खातामा निकाशा दिंदा विद्यालयगत | |

<table>
<tr><td></td><td>दरवन्दी विवरण, विद्यालय शिक्षक किताबखानावाट पारित भएको तलव ग्रेड र विद्यालयवाट प्राप्त चौमासिक माग फारामसंग भिडान गरी निकाशा दिनु पर्दछ । यो वर्ष क्षेत्रपालेश्वरी मावि त्रिपेनीमा कार्यरत शिक्षक, कर्मचारी तथा ई सि डि स का समेत २१ जना शिक्षक कर्मचारीहरुको तेश्रो चौमासिक तलव रु २५०२०६३। निकाशा दिनु पर्नेमा रु २५२४११३। निकाशा दिएको देखिएकोले वढी निकाशा दिएको रु २२०५०। असुल गरी संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु</td><td>२२,०५०/-</td></tr>
<tr><td>४७.</td><td>वढी ग्रेड : सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको तलव भत्ता निकाशा दिंदा विद्यालय शिक्षक किताबखानावाट पारित तलवी प्रतिवेदनको आधारमा विद्यालयको खातामा निकाशा गर्नु पर्दछ । विद्यालय शिक्षक किताबखानाबाट पारित तलवी प्रतिवेदन अनुसार थाङपाल धाप माविका मावि शिक्षक श्री मनहरी शर्मा सिग्देलको २०७६ वैशाख देखि असार सम्म प्रति ग्रेड रु ११४१। का दरले ६ ग्रेडको कर्मचारी संचय कोष थप समेत निकाशादिनुपर्नेमा ७ ग्रेड अर्थात ३ महिनाको १ ग्रेड थप गरी जम्मा रु ३७६५। बढी भुक्तानी दिएको देखिएकोले असुल गरी संघीय संचित कोषमा दाखिला गर्नु पर्ने रु</td><td>३,७६५/-</td></tr>
<tr><td>४८.</td><td>२५३,२०७६।३।२५<br>सामुदायिक सिकाई केन्द्रको संचालन अनुदान : कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५ को क्रियाकलाप नं २.१५.११.७७९ मा सामुदायिक सिकाई केन्द्र सञ्चालन अनुदान सम्वन्धि व्यवस्था छ । जस अनुसार सामुदायिक परिचालकका लागि रु ६२००। का दरले १२ महिनाको पारिश्रमिक र बांकी रकम प्रस्ताबका आधारमा उपलब्ध गराउने उल्लेख छ । यो वर्ष गाउँ पालिकाले १ परिचालको तलब सामुदायिक सिकाई केन्द्रको खातामा निकाशा दिएको , ३ सामुदायिक परिचालकको खातामा तलव निकाशा गरेको र बांकी रकम रु ८,७९,०००। को फर्निचर, पुस्तक र डेस्कटप कम्प्युटर खरिद गरेको विल सम्लग्न गरी खर्च लेखेको छ । उक्त सामाग्री जिन्सी खातामा आम्दानी बांधि सम्वन्धित सामुदायिक सिकाई केन्द्रमा वितरण गरेको लेखापरीक्षण अवधि सम्म पनि नदेखिएकोले जिन्सीमा आम्दानी बांधि सम्वनधित सामुदायिक सिकाई केन्द्रमा वितरण गरेको भरपाई पेश हुनुपर्ने रु</td><td>८,७९,०००/-</td></tr>
<tr><td>४९.</td><td>१८६,२०७५।९।२६<br>नर्म्स भन्दा बढी भुक्तानी : अर्थ मन्त्रालयबाट जारी भएको कार्य संचालन निर्देशिका अनुसार गाउँ स्तरमा संचालन हुने तालिम गोष्ठीमा प्रवचन बापत प्रति कक्षा रु ६००। का दरले भुक्तानी दिन सकिने उल्लेख छ । यो वर्ष गाउँपालिका अन्तरगत १६ हप्ते कृषक पाठशाला संचालन गरेवापत देहायका प्रशिक्षकहरुलाई प्रति शेशन ६००। का दरले भत्ता भुक्तानी गर्नुपर्नेमा रु १०००। का दरले भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी गरेको रकम असुल गरी संचित कोष दाखिला हुनु पर्ने रु
<table>
<tr><th>सि नं</th><th>प्रशिक्षकको नाम</th><th>शेशन</th><th>भुक्तानी गर्नुपर्ने (कर बाहेक)</th><th>भुक्तानी गरेको (कर बाहेक)</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>१</td><td>गोपालप्रसादसापकोटा</td><td>२०</td><td>१०८००/-</td><td>१८०००/-</td><td>७२००/-</td></tr>
<tr><td>२</td><td>डुक बहादुर तामाङ</td><td>१६</td><td>९६००/-</td><td>१४४००/-</td><td>४८००/-</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>२०४००/-</td><td>३२४००/-</td><td>१२०००/-</td></tr>
</table></td><td>१२,०००/-</td></tr>
<tr><td>५०.</td><td>औषधी खरिद : कोटेशनको माध्यमबाट गोसाइकुण्ड मेडिकल सप्लायर्स र मुक्तिनाथ मेडिको फर्माबाट औषधि एंवम सर्जिकल सामान रु.२१४८३५०।०० मा खरिद गरेकोमा देखिएको व्यहोरा निम्न अनुसार छ ।<br>(क) सार्वजनिक खरिद नियमावली,२०६४को नियम ८५ को उपनियमा १(क)मा ५ लाखसम्मको लागत अनुमान भएको सामान मात्र सिधै खरिद गर्न सकिने व्यबस्था छ । उपनियम १(क)मा बिस लाख रुपैया सम्मको औषधिजन्य मालसामान वा नेपालमा उत्पादित २० लाख रुपैया सम्मको मालसामान त्यस्तो मालसामानको उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सुचना प्रकाशन गरी तोकेको बिक्रि मुल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भएतापनि उक्त प्रक्रिया वेगर औषधी एवं सर्जिकल सामानहरुको दरभाउ लिई ४ वटा मेडिकल सप्लायर्स बाट सोझै खरिद गरेको देखियो । खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मुल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | देखिएन ।<br>(ख) गाउँपालिकाले औषधि आपुर्तक फमबाट आपुर्ती हुने औषधिWHO Gmp certified companyहुनुपर्ने तथा आपुर्तीहुने औषधिको उत्पादन मिति, ब्याच नं., म्याद समाप्त मिति तथा यो औषधि बिक्रिको लागी होइन लेखेको हुनुपर्ने उल्लेख छ । भौचरसँग सलँग्न फाँटवारी परीक्षण गर्दा उपरोक्त प्रमाण समावेश भएको देखिएन । साथै आपुर्ती भएका औषधी एंवम सर्जिकल समान स्पेशीफिकेशन अनुसार भए नभएको एकिन गर्न सकिएन यस तर्फ गाउँपालिकाको ध्यान जानुपर्ने देखियो । | |
| ५१. | **प्रधानमन्त्री रोजगार कार्यक्रम :** कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना ( सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार स्थानिय तहमा सूचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले यस गाउँपालिका भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत गाउँपालिका भित्रका ८ वटा वडाहरुमा सडक बाटो, सडक नाला, सिंडी निर्माण मर्मत कार्य लगायतका १८ वटा कार्यक्रम संचालन गरी २२८ जना लक्षित वर्गलाई ८ दिन देखि २०दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला वापत रु २०,००,०००। र निर्माण सामाग्री र अन्य खर्च समेत रु ११,६६,४१६। समेत जम्मा रु ३१,६६,४१६। खर्च लेखेको छ । उक्त खर्चवाट लक्षितवर्गले अल्पकालिन रोजगारी सृजना भएतापनि उक्त खर्चवाट कामको दिगोपना तथा दिर्घकालिन रोजगारी सृर्जना भएको देखिंदैन । त्यसैले दीर्घकालिन रोजगारी सृजना हुने तथा दिगो आयोजना संचालन गर्ने तर्फ कार्यालयले ध्यान दिनु पर्ने देखिन्छ । | |
| ५२. | **२४३,२०७६।३।२५**<br>**पाँच पोखरी ताल संरक्षण कार्य :**सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नाँपजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँकार्यपालिका कार्यालयले पर्यटन पुर्वाधार विकास कार्यक्रम अन्तर्गत पाँचपोखरी जाने मार्गको विभिन्न खण्डमा सिंढि निर्माण तथा ताल संरक्षण कार्य उपभोक्ता समिति मार्फत गराई रु.४८५००००। भुक्तानी गरेकोमा उक्त कार्यको स्पष्ट रुपमा प्राविधिक नाप जांच गरेको नापी किताव, उपभोक्ताको विल, कार्य सम्पन्न प्रतिवेदन, काम सम्पन्न भएको सम्वन्धमा वडाको सिफारिश र योजनाको अनुगमन प्रतिवेदन पेश नभएकोले उल्लेखित प्रमाणहरु पेश हुनुपर्ने रु ……… | ४८,५०,०००/- |
| ५३. | **मोविलाईजेशन पेश्की :** सार्वजनिक खरिद नियमावली २०६४ को दफा ११३ मा आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकलाई पेश्की भुक्तानी र पेश्की फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । यो वर्ष देहाय बमोजिमका निर्माण व्यवसायीलाई पेश्की उपलब्ध गराएकोमा आर्थिक वर्षको अन्त्य सम्म पनि फछ्र्यौट नभएकोले नियमानुसार फछ्र्यौट हुनुपर्ने रु.... | ३१,२०,१७८/- |

| पेश्की मिती | निर्माण व्यवसायी | कामको विवरण | पेश्की रकम |
|---|---|---|---|
| २०७६/२/२० | गेहेन्द्र लक्ष्मी निर्माण सेवा | सडक निर्माण | १५०१४७०/- |
| २०७६/२/३० | डांडाकटेरी चण्डेश्वरी निर्माण सेवा | सडका निर्माण | ४४२६७८/- |
| २०७६/२/२ | केदार निर्माण सेवा | भवन निर्माण | ११७६०३०/- |
| | | **जम्मा** | ३१२०१७८/- |

| | | |
|---|---|---|
| ५४. | **अनुगमन परीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले गत वर्षको बेरुजू फछ्र्यौट गरेको देखिएन । | |

अनुसूची-१

## पाँचपोखरी थाङ्पाल गाउँपालिकाको सञ्चित कोष विवरण
## २०७५।७६

(रु.हजारमा)

| स्थानीय तह | जिल्ला | गत वर्षको जिम्मेवारी | आय | | | | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | यस वर्षको जम्मा आय | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | यस वर्षको जम्मा खर्च | |
| | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५.९) |
| पाँचपोखरी थाङ्पाल गाउँपालिका | सिन्धुपाल्चोक | १३९२८ | १२४२४१ | २७४१६० | ७४७७९ | ४७३१८० | १९७१११ | २०५९४९ | ३५८५९ | ४३८९१९ | ४८१८९ |

अनुसूची– २

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७५।७६

(रु.हजारमा)

| जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| सिन्धुपाल्चोक | पाँचपोखरी थाङ्पाल गाउँपालिका | ३९ | २० | ४०३४० | ० | ० | ० | ३९ | २० | ४०३४० | १५१३ | १७२४ | ३३९८३ | ० | ० | **३५७०७** | ० | ३१२० | **३१२०** |

अनुसुचि-१

## अद्यावधिक वेरुजू स्थिति
## २०७६।७७

| जिल्ला | स्थानिय तह | गत वर्ष सम्मको वांकी | यो वर्ष फछ्र्यौट | बांकी | यो वर्ष सम्परीक्षणबाट कायम भएको बेरुजु | यो वर्षको वेरुजु | कुल बांकी वेरुजु |
|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ = (१-२) | ३ | ५ | ६ = (३+४+५) |
| सिन्धुपाल्चोक | पाँचपोखरी थाङ्पाल गाउँपालिका | १२४३९ | ० | १२४३९ | ० | ४०३४० | ५२७७९ |